(बैठक शाखा)

मिति २०७८/८/१४ गते

**११७ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १-** शुक्लाफाँटा नगरपालिकाको क्षेत्रभित्र रहेका टोल बडघर/ संस्था परिचालन गर्न बनेको , विधेयक २०७८ माथी छलफल हुँदा सरोकारवाल हरु संग थप छलफल गरि हिउदे अधिवेशनमा पेश गर्ने ।

**निर्णय नं. २-** शुक्लाफाँटा नगरपालिका वडा नं. ११ स्थित रहेको श्री दिपनगर आधारभूत विद्यालय का लागि आर्थिक तथा प्राविधिक सहयोगमा तेस्रो तीनकोठे भवन निर्माण भईरहेको हुँदा विल्डन नेपाल / विद्यालय / समुदाय र नगरपालिका बिच त्रीपक्षीय सम्झौता गर्ने ।

**निर्णय नं. ३-** शुक्लाफाँटा नगरपालिका नगर शिक्षा समितिको क्रमश मिति २०७८/३/१८ र २०७८/७/२९ बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं. ४-** यस शुक्लाफाँटा नगरपालिकामा औद्योगिक ग्राम र आयुर्वेद अस्पताल निर्माणका लागि वडा नं. २,९,र ११ वडाहरुमा रहेको सार्वजनिक जग्गा छनौट सम्वन्धमां अमिन हेमराज अवस्थीको प्रतिवेदन माथी छलफल गर्दा उक्त जग्गा प्राप्तीका लागि वडा नं. ११ को मालिका टोलमा व्यवस्थापन गर्न सम्वन्धित निकायलाई पत्राचार गर्ने ।

**निर्णय नं. ५-** सुरक्षीत नागरिक आवास अनुदान वितरण सम्वन्धमा छलफल हुँदा प्रथम चौमासिक र दोस्रो चौमासिक सम्म निकासा हुने रकम बाट २ % कन्टेन्जेन्सी बाहेक रु ३३,३२,०००।– अनुदान रकम छनौट भएका लाभग्राही मध्ये पहिलो किस्ता ( ३०,०००।-) हजारका दरले कुल छनौट संख्या मध्ये १११ जना लाई मात्र पहिलो किस्ता दिन सकिनेभएको हुँदा मुल्यांकन भएका मध्ये १११ जना लाभग्राहीहरुलाई छनौट गर्ने सम्वन्धमा क्रमश वडा नं. ६ ( तीन जना ) , वडा नं. ४ र ५ मा ( नौ / नौ जना ) बाहेकका अरु सबै वडाहरु मा (दश जना ) का दरले मुल्यांकन भई छनौट भएका लाई क्रम संख्याका आधारमा पहिलो किस्ता अनुदान उपलब्ध गराउने ।

**निर्णय नं. ६-** यस शुक्लाफाँटा नगरपालिकाको आ.व. २०७८/०७९ को तराई मधेश समृद्धी कार्यक्रम अन्तरगत संचालन हुने वडा नं. ७ पिताम्बर स्वास्थ्य चौकी भवन श्री भवानी आधारभूत विद्यालय जुडा को चलन भोगमा रहेको जग्गामा निर्माण गर्ने र वडा नं. ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने सम्वन्धमा शु.न.पा.वडा नं. ३ को हल्दुघाट मा निर्माण कार्य अगाडी बढाउने ।

**निर्णय नं. ७-** कोभिड -१९ को महामारी बाट प्रभावित अति विपन्न परिवार बाट प्राप्त निवेदन लाई वडा अध्यक्ष ले कोभिड -१९ को महामारी बाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तण कार्यविधि , २०७८ को दफा ३ बमोजिम योग्य देखिएमा मिति २०७८/८/१६ गते भित्र नगरपालिका मा सिफारिस गर्ने ।

दिल बहादुर ऐर
नगर प्रमुख

**निर्णय नं. ८-** यस शुक्लाफाँटा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकिय अधिकृत श्री विशन सिंह थापा नेपाल सरकारको निर्णय अनुसार टिकापुर ईलाका प्रशासन कार्यालय कैलाली सरुवा भई जानु भएकाले यस नगरपालिकाका विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या भईरहेको हुँदा यस नगरपालिका सबै भन्दा जेष्ठ शाखा अधिकृत (आठौं) तह श्री टिकेन्द्रराज भट्ट ( कर्मचारी संकेत नं. १८२४६९) हाल (निमित्त प्रमुख प्रशासकिय अधिकृत) लाई नै प्रमुख प्रशासकिय अधिकृत पदको जिम्मेवारी तोकी पठाईदिन हुन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार लाई सिफारिस गर्ने।

**निर्णय नं. ९-** यस शुक्लाफाँटा नगरपालिकाको आ.व. २०७८/०७९ को तराई मधेश समृद्धी कार्यक्रम अन्तरगत संचालन हुने वडा नं. ७ पिताम्बर स्वास्थ्य चौकी भवन निर्माणका लागि विनियोजित सोही श्रोत , शिर्षक बाट खर्च हुने गरी रु ५ लाख को सोईल टेष्ट , नक्सांकन , डिजायन , लागतअनुमान तयार गर्ने।

**निर्णय नं. १०-** समपुरक योजना सम्वन्धमा छलफल हुँदा तपसिलका योजनाहरुमा देहाय बमोजिम समपुरक कोष बाट रकम विभाजन गर्ने।

| सि.नं. | योजना | विनियोजित रकम | म्याचिङ | कैफियत |
|---|---|---|---|---|
| १ | प्रगतीटोल हुदै ५ नं. जोडने सडक कालोपत्रे ढल निकास ( प्रदेश समपुरक) | ३७.५ लाख | ३७.५ लाख | ( ५०%) |
| २ | वडा नं. १० बन्जरीया तेजशाहको घर उत्तर अधुरो ढलनिकास(प्रदेश समपुरक) | २० लाख | २० लाख | ( ५०%) |
| ३ | ढाणा देखी वडा कार्यालय हुदै रामेश्वर मन्दिर सम्म सडक कालोपत्रे योजना वडा नं. ४ ( प्रदेश समपुरक) | ३० लाख | ३० लाख | (५०%) |
| ४ | जिविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना, शु.न.पा.झलारी कंचनपुर र जागरुक समाजको श्रृजना (CIS Nepal) बिच उल्लेखित परियोजना कार्यान्वयनका लागि सम्झौता बमोजिम | २२ लाख २५ हजार। | ६ लाख ७५ हजार। | |

**निर्णय नं. ११-** शुक्लाफाँटा नगरपालिका वडा नं. १० अन्तरगत रहेको कृष्ण वैजनाथ बहुमुखी क्याम्पस झलारी लाई समपुरक कोष बाट रु ५ लाख अनुदान दिने।

**निर्णय नं. १२-** झलारी पिपलाडी उद्योग वाणिज्य संघको भवन निर्माण गर्न समपुरक कोषबाट रु ५ लाख अनुदान दिने।

निर्णय प्रमाणित।

दिल बहादुर ऐर
नगर प्रमुख

शुक्लाफाँटा नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत